# भर्ना हुने दिनसम्मको तालिका

सेप्टेम्बर — भर्ना निवेदन · परामर्श → जनवरी — भर्ना भएको व्यक्तिको निर्धारण → मार्च — भर्ना सम्बन्धित जानकारी कार्यक्रम → अप्रिल — भर्ना

# विद्यालयको स्थान

## इचिनोमिया जुनियर हाई स्कूल

〒491-8533
आइची प्रिफेक्चर इचिनोमिया सिटी
किताजोनोडोरी 6-9
(इचिनोमिया हाई स्कूल)



Google Map




\ विद्यालयको स्थानलाई मतलब नगरी,
अन्य विद्यालय पनि छनोट गर्न सकिन्छ! /

- टोयोटा जुनियर हाई स्कूल
- कोमाकी जुनियर हाई स्कूल
- तोयोहासी माध्यमिक विद्यालयको

भिडियो द्वारा विस्तृत जानकारी दिईरहेका छौ




कोड मोबाईल द्वारा स्क्यान गर्नु भएमा भिडियो हेर्नु सक्नु हुने छ

## सोधपुछको लागि


**इचिनोमिया जुनियर हाई स्कूल**

फोन
0586-72-0194

इमेल
ichinomiya-chu@pref.aichi.lg.jp


# इचिनोमिया जुनियर हाई स्कूलविद्यालयको परिचय



रात्रि माध्यमिक विद्यालयमा आफ्ना साथीहरुसंग पढनु हुन्न ?



# रात्री माध्यमिक विध्यालय यस्तो स्थान हो



- हप्ताको ५ दिन, सोमबार देखि शुक्रबार सम्म, हरेक दिन कक्षा हुन्छ।
- दिनमा पढाई हुने माध्यमिक विध्यालयको जस्तै पाठ्यपुस्तक पढाईन्छ।
- शिक्षण लाइसेन्स भएको शिक्षकले पढाउने छन्
- तोकिएको निर्दिष्ट पाठ्यक्रम पूरा गरेमा, माध्यमिक विद्यालयबाट स्नातक हुनेछ

# यस्तो व्यक्ति भर्ना हुन सक्छन्

अनिवार्य शिक्षाको उमेर (१५ साल) भन्दा माथिका व्यक्ति,आईची प्रान्तमा बसोबास रहेर, अथवा कम्पनीमा कार्यरततलको कुनै अवस्था मिलेमा, भर्ना हुन सकिन्छ।



- प्राथमिक विध्यालय वा माध्यमिक विध्यालयको पढाई समापन नगरेका व्यक्ति
- विदेशी नागरिकहरूले पनि भर्ना हुन सक्छन्।
- पूर्ण रुपमा शिक्षा नलिएको र पुन शिक्षा लिन चाहने व्यक्ति



## [म पनि यसमा पर्छु होला?] जस्तो लागेमा अवश्य सम्पर्क गर्नुहोस्

# रकम

**कक्षा तथा पाठ्यपुस्तक जस्ता पाठ्य सामाग्री निःशुल्क छन्।**

शिक्षण सामग्री शुल्क, कार्यक्रममा सहभागीता शुल्क, विध्यालयको खाजा शुल्कको भुक्तानी गर्न आवश्यक छ।

बिस्तृत विवरण यहाँ | Instagram

ICHINOMIYACHU_OFFICIAL

# समय तालिकाको बारेमा



दिनमा पढाई हुने विध्यालय जस्तै समान, सिद्धान्तमा ३ वर्षको लागि अध्ययन गर्छन्।

※पढाईको स्तरलाई ध्यानमा राखी, पढाईलाई छोटो अथवा बढीमा ६ वर्षसम्म विस्तार गर्न सकिन्छ।

१ दिनको कक्षा तालिकामा, ४ वटा कक्षा (१ कक्षा : ४० मिनेट) रहन्छ।

| समय | सामाग्री |
|---|---|
| 17：15～17：25 | होम रूम / होम कक्षा |
| 17：25～18：05 | १ कक्षा (पहिलो घण्टी ) |
| 18：05～18：35 | विध्यालयबाट प्रदान गरिने खाजा ※ईच्छुक व्यक्ति |
| 18：35～19：15 | २ कक्षा (दोस्रो घण्टी ) |
| 19：25～20：05 | ३ कक्षा (तेस्रो घण्टी ) |
| 20：15～20：55 | ४ कक्षा (चौथो घण्टा ) |
| 20：55～21：00 | होम रूम / होम कक्षा |




कक्षा शुरु हुन अगाडिको समयमा, कक्षामा नबुझेका विषयको बारेमा प्रश्न गर्न सकिन्छ।

# पाठ्यक्रम विषय बस्तुको बारेमा

तलको विषयबाट एउटा छनोट गरेर १ वर्ष पढिन्छ।

**पढाईको स्तर संग मिलेको विषय**

प्राथमिक विध्यालयको पुन अध्ययन पनि समावेश

- **आधारभूत पाठ्यक्रम**
  ➡ माध्यमिक विध्यालय १ सालमा अध्ययन गरिने पाठ्य सामाग्री
- **मानक पाठ्यक्रम**
  ➡ माध्यमिक विध्यालय २ सालमा अध्ययन गरिने पाठ्य सामाग्री
- **चुनौतिक पाठ्यक्रम**
  ➡ माध्यमिक विध्यालय ३ सालमा अध्ययन गरिने पाठ्य सामाग्री

**जापानी भाषा निर्देशनमा ध्यानकर्षण गरिएको पाठ्यक्रम**

- **जापानी भाषा प्रारम्भिक पाठ्यक्रम**
  ➡ जापानी भाषा प्रारम्भिक स्तर देखि शुरुवाती स्तर
- **जापानी भाषाको साधारण पाठ्यक्रम**
  ➡ जापानी भाषा शुरुवाती स्तर देखि मध्य स्तर

※प्रत्येक पाठ्यपुस्तकको अध्ययन पनि गरिन्छ।

